**२०७१ साल बैशाख २५ गते बिहीबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालय सहयोगी श्री पंचनारायण महर्जनलाई मृगौला रोगको उपचारार्थ रु.५०००००।- आर्थिक सहायता उपलव्ध गराउने ।

२. अर्थ मन्त्रालय– समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजनाको थप वित्तीय सहायताको लागि एशियाली विकास बैंकबाट उपलब्ध हुने ऋण सहायता स्वीकार गर्ने ।

३. अर्थ मन्त्रालय – संशोधित क्योटो अभिसन्धिमा सम्मिलन हुने विषयको प्रस्ताव आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने ।

४. अर्थ मन्त्रालय– दक्षिण एशियाली उप-क्षेत्रीय आर्थिक सहयोग-विद्युत प्रणाली विस्तार आयोजनाको लागि एसियाली विकास बैंकबाट ऋण तथा अनुदान सहायता प्राप्त गर्न वार्ता टोली गठन गरी वार्ता गर्ने अख्तियारी दिने ।

५. अर्थ मन्त्रालय– रसुवा भन्सार कार्यालयको नाममा जग्गाको स्वामित्व हस्तान्तरण विषयको सीमानामा रहने सबै कार्यालयलाई उपयुक्त हुने गरी बहुतले भवनको ड्रइङ्ग, डिजाइन र निर्माण गरी सम्बद्ध कार्यालयलाई ठाउँ छुट्याई बस्न लगाउने काम सहरी विकास मन्त्रालयले गर्ने; गृह मन्त्रालयले सम्पूर्ण जग्गा अधिग्रहण गरी सो जग्गा समेतको सबै जग्गा एकमुष्ट सहरी विकास मन्त्रालयको नाममा हस्तान्तरण गर्ने ।

६. उद्योग मन्त्रालय– रुग्ण उद्योग घोषणा गरी सुविधा उपलब्ध गराउने विषयको प्रस्ताव आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने ।

७. ऊर्जा मन्त्रालय– मा .ऊर्जा मन्त्री श्री राधा कुमारी ज्ञवालीलाई मनिलामा आयोजना हुने क्षेत्रीय कार्यशाला गोष्ठीमा सहभागी हुन पठाउने ।

८. कृषि विकास मन्त्रालय– धानवाली सम्वन्धी उच्चस्तरीय कार्यशालामा सहभागिताका लागि कृषि विकास मन्त्रालयका सचिव जय मुकुन्द खनाललाई भारत पठाउने ।

९. गृह मन्त्रालय– एकीकृत कार्यालय भवन निर्माण गरी भवन उपयोगको बाँडफाँड गर्ने अधिकार तथा स्वामित्व सहरी विकास मन्त्रालयमा रहने गरी जग्गाको स्वामित्व हस्तान्तरण गर्ने ।

१०. गृह मन्त्रालय– गृह मन्त्रालयको संगठन संरचनालाई पुनरावलोकन गर्दा प्रस्तावित नेपाल न्याय सेवा, कानुन समूहको सहसचिव (राजपत्राङ्कित प्रमथ श्रेणी) पद समावेश गर्ने गरी दरवन्दी स्थानान्तरण गर्न स्वीकृति दिने।

११. गृह मन्त्रालय– थाइल्याण्डको राजधानी बैंककमा सन् २०१४ जुन २२ देखी २६ सम्म आयोजना हुने 6th Asian Ministerial Conference on Disaster Risk Reduction (AMCDRR) मा सहभागी हुन नेपालको तर्फवाट माननीय उप-प्रधान तथा गृहमन्त्री श्री वामदेव गौतमज्यूले भाग लिने ।

१२. गृह मन्त्रालय– जापानी नागरिक मामि ईसी (MAMI ISHII, राहदानी नम्बर TH 4339480) ले भिसा दस्तुर तथा विलम्ब शुल्क वापत नेपाल सरकारलाई बुझाउनु पर्ने रकम रु.१०,१५,५५५।२० मिनाहा दिने ।

१३. परराष्ट्र मन्त्रालय– माननीय परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले गणतन्त्र कोरियाको औपचारिक भ्रमण गर्ने ।

१४. परराष्ट्र मन्त्रालय– संयुक्त अरब ईमरेट्स (युएई) को दुबईमा मुत्युदण्ड फैसला सुनाइएका अमरबहादुर बमको सजाय माफी वा कम गर्ने विषयमा कूटनैतिक पहल गर्नका लागि प्रधानमन्त्रीका विशेषदूतका रूपमा एक जना मन्त्रीलाई प्रधानमन्त्रीले युएई पठाउने ।

१५. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय– कम्बोडियाको Exposure Visit मा नेपाल सरकारलाई कुनै आर्थिक व्ययभार नपर्ने गरी राष्ट्रिय महिला आयोगका अध्यक्ष श्री शेष चाँदताराको नेतृत्वमा सदस्यद्वय श्री मोहना अन्सारी र मनु हुमागाँईलाई भाग लिन स्वीकृति दिने ।

१६. वन तथा भू-संरक्षण मन्त्रालय– हिमाली राष्ट्रिय निकुञ्ज (पहिलो संशोधन) नियमावली, २०७१ स्वीकृत गर्ने ।

१७. वन तथा भू-संरक्षण मन्त्रालय– माथिल्लो त्रिशुली ३ ए २२० के.भि. प्रसारण लाईन आयोजना संचालनका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने र सो एलाइन्जमेण्टमा परेका रुखहरु हटाउने ।

१८. शिक्षा मन्त्रालय– बेल्जियमको ब्रसेल्समा २०७१ असार ११ गतेदेखि १२ गतेसम्म आयोजना हुने "सेकेन्ड ग्लोबल पार्टनरसिप फर एजुकेशन रिप्लेनिस्मेन्ट प्लेजिङ कन्फरेन्समा माननीय शिक्षामन्त्री सहभागी हुने ।

१९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय– हिमालहरूको विवरण सच्याउने एवं आरोहणका लागि नयाँ हिमालहरू खुला गर्ने विषयको प्रस्ताव आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२०. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय– नगरक्षेत्र निर्धारण सिफारिश समिति गठन गर्ने ।

२१. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय– Town Planning (नगरको समग्र योजना) स्वीकृत गरी नगरक्षेत्र भित्र नयाँ निर्माण कार्य गर्ने गराउने व्यवस्थासमेत मिलाउने गरी प्रस्तावित ७२ वटा नगरपालिका घोषणा गर्ने ।

२२. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय– आगामी २०७१।०१।२९ देखि जेठ ९ गते सम्म संयुक्त राष्ट्रसंघीय मुख्यालय, न्यूयोर्कमा आयोजना हुने 13th Session of Permanent Forum on Indigenous Issues कार्यक्रममा माननीय उप–प्रधानमन्त्री एवं सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री श्री प्रकाशमान सिंहको नेतृत्वमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका सदस्य–सचिव श्री फटक बहादुर गोलेलाई सहभागी हुन पठाउने ।

२३. सहरी विकास मन्त्रालय– सर्वोच्च अदालतलाई हाल नेपाली सेना अन्तर्गत क्याभलरीले चर्चेको ३० रोपनी जग्गा उपलब्ध गराउने र महान्यायधिवक्ताको कार्यालयलाई सर्वोच्च अदालतको ११ आना जग्गा उपलब्ध गराउने, पुरातत्व विभाग र राष्ट्रिय अभिलेखालयलाई नारायणहिटी भित्र जग्गा दिई स्थानान्तरण गर्ने व्यवस्था संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिलाउने ।

२४. सामान्य प्रशासन मन्त्रालय– श्री नारायण प्रसाद समेतलाई थप आर्थिक सहायता उपलब्ध गराउने ।

२५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय– ६७ औं विश्व स्वास्थ्य सभामा नेपाली प्रतिनिधिमण्डलले भाग लिने ।

२६. राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा रास्पुरकोट गा.वि.स. प्यूठान निवासी डा. गोविन्दराज पोखरेललाई नियुक्त गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

**२०७१ साल बैशाख १९ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको व्यवस्थाबमोजिम सन् २०१४ मा नेपालको पुनरावलोकन हुने प्रयोजनका लागि तयार पारिएको नेपालको प्रतिवेदनलाई स्वीकृत गर्ने ।

२. अर्थ मन्त्रालय– IDI Global Programme on Specialized Audits-Public Debt Audit of Lending & Borrowing Frameworks विषयक बैठकमा सहभागिता गर्ने ।

३. अर्थ मन्त्रालय– दक्षिण एशियाली पर्यटन पूर्वाधार विकास परियोजनाको लागि एशियाली विकास बैंकबाट थप आर्थिक सहायता प्राप्त गर्ने ।

४. उद्योग मन्त्रालय– अमेरिकामा आयोजना हुने नेपाली महोत्सवमा माननीय उद्योगमन्त्री प्रमुख अतिथिका रूपमा सहभागी हुने ।

५. कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय– कार्यक्रममा भाग लिन जाने स्वीकृति तथा भ्रमण खर्च रकम निकासा गर्ने ।

६. कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय– नेपाल सरकारवादी भई चलाइएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि, २०७१ लाई स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषद्मा पेश गर्ने ।

७. कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय– उपचारको लागि आर्थिक सहायता उपलब्ध गराउने ।

८. गृह मन्त्रालय– नेपाल-भारत गृह सहसचिवस्तरीय बैठकमा सहभागी हुने नेपाली प्रतिनिधिमण्डलको स्वरुप र वार्ताको अख्तियारी दिने ।

९. गृह मन्त्रालय– सामाजिक व्यवहार सुधार विधेयक, २०७१ लाई व्यवस्थापिका-संसदमा पेश गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१०. गृह मन्त्रालय– भारतको निर्वाचनको अवलोकनको लागि वि.स. २०७१ साल बैशाख १४ गते देखि ऐ. १९ सम्म निर्वाचन आयोगका माननीय आयुक्त श्री इला शर्माको भारतको कोलकत्ता भ्रमणमा समर्थन गर्ने ।

११. गृह मन्त्रालय –प्रहरी (पहिलो संशोधन) नियमावली, २०७१ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१२. रक्षा मन्त्रालय– नेपाली सेनामा हवाई सेवा तर्फको रिक्त चालक उपरथी पदमा चालक सहायकरथी श्री शतिस विक्रम शाहलाई पदोन्नति गरी पदस्थापन गर्ने ।

१३. वाणिज्य तथा आपूर्ति मन्त्रालय– तेश्रो मुलुकवाट आयात भई कोलकाता/हल्दिया मार्ग हुँदै नेपाल आउने सवारी साधन कोलकाता देखि on it's own power मा समेत आयात गर्न Amendment to the Protocol to the Treaty of Transit between Nepal and India for the movement of Vehicles on Their Own Power र तेश्रो मुलुकवाट नेपाल आयात गरिने Bulk Cargo/Break Bulk Cargo को वीरगञ्ज-रक्सौल भन्सार विन्दुको अतिरिक्त भैरहवा-नौतनुवा/सुनौली, विराटनगर-जोगवनीबाट समेत आयात गर्न Amendment to the Protocol to the Treaty of Transit between Nepal and India for the Process Simplification of Prior Intimation and Use of Additional Route for Bulk Cargo सम्बन्धमा तयार गरिएका संलग्न दुई छुट्टा छुट्टै Letter of Exchange मा हस्ताक्षर गर्न वाणिज्य तथा

आपूर्ति मन्त्रालयका सचिव श्री नारायण गोपाल मलेगोलाई अख्तियारी दिने र उक्त Letter of Exchange हरु परराष्ट्र मन्त्रालय मार्फत भारत सरकारको सम्बन्धित निकायमा पठाउने ।

१४. श्रम तथा रोजगार मन्त्रालय – वैदेशिक रोजगार प्रवर्द्धन वोर्डको कार्यकारी निर्देशक पदमा व्यास नगरपालिकाका श्री रघुराज काफ्लेलाई ४ वर्षको लागि नियूक्त गर्ने ।

१५. सहकारी तथा गरिबी निवारण मन्त्रालय– साझा प्रकाशन सहकारी संस्था लि. समस्या समाधान तथा सुदृढीकरण सुझाव उच्चस्तरीय कार्यदल, २०७० ले पेश गरेको प्रतिवेदनको सिफारिस कार्यान्वयन गर्ने ।

१६. सहरी विकास मन्त्रालय – धरान खानेपानी व्यवस्थापन बोर्ड गठन गर्ने स्वीकृती विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१७. सामान्य प्रशासन मन्त्रालय– राजपत्रांकित प्रथम श्रेणीका सहसचिवहरुको सरुवा तथा पदस्थापन (आनन्द राज ढकालसमेत) गर्ने ।

१८. सामान्य प्रशासन मन्त्रालय– निजामती सेवा (चौथो संशोधन) अध्यादेश, २०७१ जारी गर्ने विषयमा :

(क) प्रस्तावमा लेखिएबमोजिम लोकसेवा आयोगको परामर्श लिने ।

(ख) मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी परामर्श उपलब्ध गराउने ।

१९. सूचना तथा सञ्चार मन्त्रालय– Seventh Annual Session of the United Nations Commission on Science & Technology for Development (CSTD) विषयक कार्यक्रममा भाग लिने ।

२०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय– गोविन्दराज जोशीलाई Air Ambulance को खर्च र औषधी उपचार वापत विल बमोजिमको वढिमा रु. पाँच लाख रकम प्रकृया पुरा गरी उपलब्ध गराउने ।

२१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय– कृष्ण बहादुर तामाङ्गलाई औषधी उपचार खर्च उपलब्ध गराउने ।

२२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय– वकिल झालाई औषधी उपचार खर्च उपलब्ध गराउने ।

२३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय– नागरिक राहत, क्षतिपुर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०७१ मा संशोधन स्वीकृत गर्ने–

क. १२.१ मा रहेको "हेड इन्जुरी" भन्ने शब्दहरुको सट्टामा "हेड इन्जुरी आदी जस्ता कडा रोग" भन्ने शब्दहरु थप गर्ने ।

ख. प्रकरण १२.४ रहेको रकम बाहेक भन्ने व्यहोरा पछि "सामान्यतया" भन्ने शब्द थप गर्ने र नगद दिईने छैन । भन्ने बाक्यांश पछिका व्यहोरालाई हटाउने ।"

ग. प्रकरण १२.९ पछि देहायको प्रकरण १२.१० थप गर्ने-

१२.१० " माथीका प्रकरणहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष कारण जनाई मन्त्रिपरिषद्ले उचित ठानेको उपचार खर्च रकम उपलब्ध गराउन सक्ने छ।"

२४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय– खड्गप्रसाद ओलीलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आवश्यक कागजात लिई प्रकृया पुरा गरी औषधी उपचार वापत आर्थिक सहयता उपलब्ध गराउने ।

२५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय– सिद्धराज ओझालाई औषधी उपचार वापत प्रकृया पुरागरी विल बमोजिम प्रस्तावमा उल्लिखित रकम उपलब्ध गराउने ।

२६. निजामती सेवा ऐन, २०४९ को दफा १३ को उपदफा (१) बमोजिम रक्षा मन्त्रालयका राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव देवेन्द्रप्रसाद सिटौलालाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा कायममुकायम मुकरर गरी सोही मन्त्रालयमा पदस्थापन गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

**२०७१ साल बैशाख १२ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूहको प्रहरी नायब महानिरीक्षक पदमा बढुवा गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– कर्णाली विकास आयोगको अस्थायी दरवन्दी स्वीकृति गर्ने ।

३. अर्थ मन्त्रालय– स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमदोश्रो चरण- कार्यान्वयनको लागि नर्वे सरकारबाट प्राप्त हुने अनुदान सहायता स्वीकार गरी सम्झौतापत्रमा हस्ताक्षर गर्ने ।

४. अर्थ मन्त्रालय– नेपाल आयल निगम लिमिटेडलाई ऋण रकम उपलब्ध गराउने ।

५. कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय– बैदेशिक रोजगार न्यायाधिकरणको सदस्य तोक्ने ।

६. कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय– अदालतको अपहेलना सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिकासंसद् समक्ष पेश गर्ने- ।

७. कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय– लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक व्यवस्थापिका-संसद् समक्ष पेश गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

८. कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय– सैनिक विशेष अदालतको अध्यक्ष तोक्ने ।

९. गृह मन्त्रालय– SAARC Agreement on Rapid Response to Natural disasters व्यवस्थापिका संसदमा अनुमोदनका लागि पेश गर्ने ।

१०. गृह मन्त्रालय – खोज तथा उद्धार राष्ट्रिय रणनीतिक कार्ययोजना विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

११. गृह मन्त्रालय– सजायको माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि २०६९ मा संशोधन गर्ने ।

१२. गृह मन्त्रालय– नेपाल प्रहरी अस्पताल विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७१ स्वीकृत गर्ने ।

१३. परराष्ट्र मन्त्रालय– नेपालका लागि मंगोलियाको अवैतनिक वाणिज्यदूतमा श्री छेतन जुरमान श्रेष्ठको म्याद थप गर्ने ।

१४. परराष्ट्र मन्त्रालय – संयुक्त राष्ट्रसंघका प्रमुख अङ्गहरू, विशिष्टिकृत एजेन्सी, कोष तथा अन्तर्राष्ट्रिय सन्धिद्वारा बनेका अङ्गहरूमा उम्मेदवारी प्रस्तुत गर्दा अपनाउनु पर्ने रणनीति स्वीकृत गरी कार्यान्वयन गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय– जापानमा टनेल निर्माणको Observation भ्रमण कार्यक्रममा सहभागी हुने ।

१६. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय– High Level Meetings and Experience Sharing with Government Counterparts and Civil Society Organization in Mongolia बिषयक उच्चस्तरीय बैठकमा भाग लिने।

१७. युवा तथा खेलकुद मन्त्रालय– ICC T-20 World Cup Cricket प्रतियोगितामा सहभागी नेपाल राष्ट्रिय क्रिकेट टिमलाई नगद पुरस्कार सहित सम्मान गर्ने ।

१८. रक्षा मन्त्रालय– नेपाली सेनामा रिक्त प्राड सहाकयरथी पदमा प्राड महासेनानी श्री रत्न प्रकाश थापालाई पदोन्नति गरी पदस्थापन गर्ने ।

१९. रक्षा मन्त्रालय– नेपाली सेनाका उपरथी श्री पूर्णचन्द्र थापालाई Head of Mission तथा Force Commander को नियुक्तिमा प्रतिस्पर्धा गर्नका लागि स्वीकृति दिने ।

२०. वन तथा भू-संरक्षण मन्त्रालय– काठमाण्डौं फनपार्क प्रा.लि.लाई चन्द्रागिरी कबुलियती वन क्षेत्रमा भएका जम्मा १६० गोटा रुखहरु हटाउन दिने ।

२१. वन तथा भू-संरक्षण मन्त्रालय– नेपाल विद्युत प्राधिकरणलाई काबेली कोरीडोर १३२ के.भी. प्रसारण लाईन आयोजना निर्माण गर्न नयाँ एलाईनमेन्टमा परेका ६१ गोटा रुखहरु हटाउन दिने ।

२२. शिक्षा आठौं) संशोधन नियमावली (, २०७१ स्वीकृत गर्ने विषयको शिक्षा मन्त्रालयको नं. १८/१-०७१/१/८ को प्रस्ताव – प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२३. शिक्षा मन्त्रालय– शिक्षा (आठौं संशोधन ) नियमावली, २०७१ स्वीकृत गर्ने ।

२४. श्रम तथा रोजगार मन्त्रालय– श्रीलंकाको कोलम्बोमा हुने Colombo Process को Senior Official's Meeting मा नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरीश्रम तथा रोजगार मन्त्रालयका सचिव श्री सुरेश मान श्रेष्ठको नेतृत्वमा सह-सचिव श्री बुद्धिबहादुर खडकाले भाग लिने ।

२५. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय– Mayors Forum under South Asia Urbanization Flagship on Managing Urban Transformation विषयक कार्यक्रममा सचिवले भाग लिने ।

२६. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय– स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७१ लाई स्वीकृत गर्ने ।

२७. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय– निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविधि) (चौथो संशोधन) नियमावली, २०७१ लाई स्वीकृत गर्ने ।

२८. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय– अस्थायी दरबन्दी सृजना गर्ने ।

२९. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय– राजपत्रांकित प्रथम श्रेणी सहसचिव (प्राविधिक पदमा) बढुवा नियुक्ति गर्ने ।

३०. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय – स्थानीय स्वायत्त शासन (पहिलो संशोधन) ऐन, २०७१ को विधेयक विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३१. वन तथा भू-संरक्षण मन्त्रालय– सिनियर डिभिजनल इन्जिनियर श्री शिवकुमार बस्नेतसमेतलाई रा.प.प्रथम श्रेणीको पदमा बढुवा नियुक्ति गर्ने ।

३२. सूचना तथा सञ्चार मन्त्रालय– नेपाल दूरसञ्चार प्राधिकरणको सदस्य नियूक्तिको लागि सिफारिश गर्न समिति गठन गर्ने ।

३३. सूचना तथा सञ्चार मन्त्रालय– नेपाल पत्रकार महासंघलाई चौबीसौं महाधिवेशन सम्पन्न गर्नका लागि आर्थिक सहायता उपलब्ध गराउने ।

३४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय– औषधि उपचार वापत आर्थिक सहायता उपलब्ध गराउने ।

३५. निर्वाचन आयोगको च.नं. ७४२ मिति २०७०/१/४ को पत्रसाथ प्राप्त १६ बुँदे निर्देशन कार्यान्वयनका लागि लेखि पठाउने ।

३६. पेट्रोलियम पदार्थको आपूर्ति र वितरण व्यवस्थालाई व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्थापिका संसदद्वारा गठित संसदीय अध्ययन तथा सुझाव समितिको च.नं. २५ मिति २०७१/१/९ को निर्णय जानकारी भयो ।

३७. निजामती किताबखानाको पत्रबाट जानकारी गराइएअनुसार देहायका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरू उमेरको हदको कारणबाट अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँहरूलाई नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने–

(क) श्री जनकराज गौतम

(ख) श्री नरेन्द्र दाहाल

(ग) श्री हरिकुमार श्रेष्ठ

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

**२०७१ साल बैशाख ४ गते बिहीबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. अर्थ मन्त्रालय– नेपाल लेखापरीक्षण सेवाको नायब महालेखापरीक्षक (रा.प.प्रथम श्रेणी) मा महेश्वर काफ्लेलाई नियुक्ति गर्ने ।

२. कानुन,न्याय,संविधानसभा तथा संसदीय मामिला मन्त्रालय– भ्रमण खर्च निकासा गर्ने ।

३. कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय– राजपत्राङ्कित प्रथम श्रेणीको पदमा नियुक्ति गरी पदस्थापना गर्ने (रमादेवी पराजुली) ।

४. गृह मन्त्रालय –प्रहरी नियमावली, २०७१ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय – राजपत्रांकित प्रथम श्रेणीमा बढुवा नियुक्त गर्ने (संजयकुमार श्रेष्ठसमेत) ।

६. युवा तथा खेलकुद मन्त्रालय– मित्रराष्ट्र श्रीलंकामा आयोजना हुने World Conference on Youth मा मा. युवा तथा खेलकुद मन्त्रीले भाग लिने ।

७. रक्षा मन्त्रालय– नेपाली सेनाका प्रधानसेनापतिलाई संयुक्त राज्य अमेरिकामा हुने कार्यक्रममा सहभागी हुन जान स्वीकृति दिने ।

८. वन तथा भू-संरक्षण मन्त्रालय– नेपाली सेना, सूर्यदल गणलाई वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

९. वन तथा भू-संरक्षण मन्त्रालय– राजपत्रांकित प्रथम श्रेणीमा बढुवा नियुक्त गर्ने (सूर्यनारायण चौधरी) ।

१०. सामान्य प्रशासन मन्त्रालय– राजपत्रांकित प्रथम श्रेणी सहसचिव वा सो सरहको पदमा नियुक्ति तथा पदस्थापन (शोभाकान्त पौडेल समेत) गर्ने ।

११. सामान्य प्रशासन मन्त्रालयको नं. २४/१-०७१/१/२ को प्रस्ताव –राजपत्रांकित प्रथम श्रेणीका कर्मचारीहरूको सरूवा/पदस्थापन गर्ने ।

१२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय– खोप सेवा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

१३. सहकारी तथा गरिबी निवारण मन्त्रालयका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री लालमणि जोशी उमेरको हदको कारणबाट मिति २०७१।१।१० देखि अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

१४. मं.प.बै.सं. ६६/०७० मिति २०७०/१२/२७ को बैठकबाट नेपाल कानुन आयोगका सचिव श्री राजेन्द्रकिशोर क्षेत्रीलाई नेपाल न्याय सेवा बाहिरको काममा लगाउने गरी काजमा पठाइदिन समेत न्याय सेवा आयोगमा लेखी पठाउने । उक्त आयोगबाट सहमति प्राप्त भएपछि ऊर्जा मन्त्रालयको सचिवमा कामकाज गर्ने गरी खटाउने निर्णय भएकोमा सोको सट्टा "नेपाल न्याय सेवा राजपत्राङ्कित विशिष्ट श्रेणीको नेपाल कानुन आयोगका सचिव श्री राजेन्द्र किशोर क्षेत्रीलाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदबाट ऊर्जा मन्त्रालयको सचिवमा न्याय सेवा आयोगको सिफारिस लिई सरूवा गर्ने ।"

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**